नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८१।०८२

चलानी नं.: ४२२

मितिः २०८२।०३।६

विषयः **LISA, FRA, र LED** को एकीकरण तथा परिमार्जनको लागि सुझाव तथा पृष्ठपोषण सम्बन्धमा ।

श्री सरोकारवाला निकाय (सबै) ।

स्थानीय तहको सुशासन तथा संस्थागत विकास, आर्थिक-सामाजिक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन लगायत सार्वजनिक वित्त व्यवस्थापन, सेवा प्रवाह एवं स्थानीय विकास व्यवस्थापनका क्षेत्रमा हासिल गरेका उपलब्धीहरुको लेखाजोखा गरी सबल र सुधार गर्नुपर्ने पक्षको पक्षको पहिचान गर्दै प्रतिष्पर्धात्मक शासकीय सुधार मार्फत स्थानीय तहको सबलीकरणमा सहजीकरण गर्न हाल अभ्यासमा रहेका स्थानीय तहको संस्थागत क्षमता स्व/मूल्याङ्कन प्रणाली (LISA, FRA, LED) को एकिकरण तथा परिमार्जनका लागि तयार भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ र सम्बन्धित मूल्याङ्कन सूचकको अन्तिम मस्यौदा उपर तिन (३) दिन भित्र अन्तिम सुझाव तथा पृष्ठपोषण Hardcopy वा यस शाखाको इमेल cmmofald@gmail.com मा उपलब्ध गराइदिनुहुन मिति २०८२।०३।०६ को निर्णयानुसार अनुरोध छ ।

३/६

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

**श्री सूचना प्रविधि शाखाः** सबै जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिका को ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाइटमा समेत अपलोड गरिदिनुहुन ।

# स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन)

# कार्यविधि, २०८२

**प्रस्तावनाः** स्थानीय तहको सुशासन तथा संस्थागत विकास, आर्थिक-सामजिक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन लगायत सार्वजनिक वित्तीय व्यवस्थापन, सेवा प्रवाह एवं स्थानीय विकास व्यवस्थापनका क्षेत्रमा हासिल गरेका उपलब्धिहरुको लेखाजोखा गरी सबल र सुधार गर्नुपर्ने पक्षको पहिचान गर्दै प्रतिस्पर्धात्मक शासकीय सुधार मार्फत स्थानीय तहको सवलीकरणमा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अङ्कभार" भन्नाले यस कार्यविधिको अनुसूची १ मा उल्लेख भए बमोजिम निर्धारित सूचक अनुसार प्राप्त गर्न सकिने अङ्कलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका र नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "प्रतिवेदन" भन्नाले मूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिम तयार गरिएको विवरणलाई सम्झनु पर्छ। सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाउँछ ।

(ङ) “प्रणाली” भन्नाले "स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई सम्झनु पर्छ।

(च) “शाखा” भन्नाले स्थानीय तहमा रहेका सम्बन्धित विभाग, महाशाखा, शाखा वा इकाई समेतलाई सम्झनु पर्छ।

(छ) "सम्पर्क शाखा" भन्नाले स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणालीलाई अद्यावधिक र व्यस्थित गर्न तोकिएको शाखालाई सम्झनु पर्छ ।

(ज) “सूचक” भन्नाले यस कार्यविधिको अनुसूची १ मा उल्लेख गरिएका सूचकहरुलाई सम्झनु पर्छ।

(झ) “स्थानीय तह” भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

(ञ) “मन्त्रालय” भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई बुझाउँछ।

(ट) “मूल्याङ्कन” भन्नाले गाउँपालिका तथा नगरपालिकाले दफा ३ बमोजिमका विषय क्षेत्रका सूचकमा हासिल गरेका उपलब्धिको स्वमूल्याङ्कन, सो उपर जिल्ला समन्वय समितिले प्रदान गर्ने पृष्ठपोषण एवं मन्त्रालयले गर्ने गुणस्तर परीक्षण समेतलाई बुझाउँछ।

## परिच्छेद- २

## मूल्याङ्कनका विषयक्षेत्र र सूचकहरू

**३. मूल्याङ्कनका विषयक्षेत्र र उपक्षेत्रः** यस कार्यविधि बमोजिम मूल्याङ्कनका विषयक्षेत्रहरू देहाय बमोजिम हुनेछन्ः

(क) सुशासन तथा संस्थागत विकास,

(ख) सामाजिक विकास,

(ग) आर्थिक विकास,

(घ) पूर्वाधार विकास,

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन

**४. मूल्याङ्कनका उपक्षेत्र र सूचकः** (१) दफा ३ बमोजिमका विषयक्षेत्र अन्तर्गत देहाय बमोजिमका उपक्षेत्र हुनेछन्ः

(क) सुशासन तथा संस्थागत विकास अन्तर्गतका उपक्षेत्रहरुः योजना तथा बजेट, पारदर्शिता र उत्तरदायित्व, शासकीय प्रबन्ध, सेवा प्रवाह, सार्वजनिक वित्त व्यवस्थापन, र समन्वय र सहकार्य

(ख) सामाजिक विकास अन्तर्गतका उपक्षेत्रहरुः खानेपानी तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण, र न्यायिक समिति

(ग) आर्थिक विकास अन्तर्गतका उपक्षेत्रहरुः कृषि, पशु तथा सहकारी, भूमि तथा सिंचाई, स्थानीय आर्थिक विकास, र उद्यमशीलता र रोजगारी

(घ) पूर्वाधार विकास अन्तर्गतका उपक्षेत्रहरुः सडक, भवन र अन्य पूर्वाधार

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गतका उपक्षेत्रहरुः वातावरण संरक्षण र विपद् व्यवस्थापन

(२) उपदफा (१) बमोजिमका उपक्षेत्र अन्तर्गत अनूसुची- १ बमोजिमका एकसय वटा सूचकहरु र हरेक सूचक अन्तर्गत २ वटा उप-सूचक रहनेछन्। हरेक सूचकको कूल अङ्कभार १.० हुनेगरी मूल्याङ्कनको पूर्णाङ्क १०० हुनेछ ।

## परिच्छेद- ३

## मूल्याङ्कन प्रकृया तथा समयावधि

**५. मूल्याङ्कन प्रकृयाः** (१) सबै स्थानीय तहले देहाय बमोजिम स्वमूल्याङ्कन प्रकृया अवलम्बन गर्नुपर्नेछः

(क) सम्बन्धित विषयक्षेत्रगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचकसँग सम्बन्धित तथ्य तथ्याङ्क र प्रमाणको अभिलेख राख्ने,

(ख) विषयगत शाखाबाट प्राप्त विवरण अनुसार स्वमूल्याङ्कनको अङ्क तथा कागजात सम्पर्क शाखाले सूचकसँग सम्बन्धित कार्य सम्पन्न भएको ३० दिनभित्र प्रणालीमा प्रविष्ट गर्ने,

(ग) प्रमुख प्रशासकीय अधिकृतबाट अध्यक्ष/प्रमुख मार्फत पेश भएको स्वमूल्याङ्कनको प्रारम्भिक नतिजा कार्यपालिकामा छलफल गरी भाद्र मसान्त भित्र पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने,

(घ) जिल्ला समन्वय अधिकारीले जिल्ला समन्वय समितिका प्रमुखसँग समन्वय गरी प्रणालीमा पेश भएको प्रारम्भिक नतिजाको असोज १५ गते भित्र पुनरवलोकन गरी पृष्ठपोषण सहित सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने,

(ङ) जिल्ला समन्वय समितिको पृष्ठपोषण समेतको आधारमा कार्यपालिकाले प्रारम्भिक नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण गरी सम्बन्धित विषय क्षेत्रको यथार्थ अङ्क निर्धारण गरी **असोज मसान्त भित्र** प्रणालीमा अन्तिम प्रविष्टि गर्ने,

(च) मन्त्रालयले स्थानीय तहबाट अन्तिम प्रविष्टि भएको नतिजाको गुणस्तर परीक्षण गरी कायम भएको नतिजामा सुधारको लागि स्थानीय तहलाई ७ दिनको समय उपलब्ध गराउने ।

(छ) स्थानीय तहबाट प्राप्त सुधारको दाबी उपर मन्त्रालयले लेखाजोखा गरी पृष्ठपोषण सहितको अन्तिम नतिजा पौष मसान्त भित्र सार्वजनिक गर्ने।

(ज) स्थानीय तहले मूल्याङ्कनको अन्तिम नतिजा छलफलको लागि सभामा पेश गर्ने।

(झ) मूल्याङ्कनको अन्तिम नतिजा र प्राप्त पृष्ठपोषणका आधारमा स्थानीय तहले सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

(२) उपदफा (१) बमोजिमको प्रक्रियाबाट गरिने स्वमूल्याङ्कन मन्त्रालयबाट उपलब्ध हुने सूचना प्रविधिमा आधारित प्रणाली (सफ्टवेयर) मार्फत गर्नुपर्नेछ।

**६. पुष्टयाईका आधारको प्रमाणिकरणः** (१) अनुसूची १ बमोजिम तोकिएका पुष्टयाईका आधारहरू सम्बन्धित शाखा प्रमुखको सिफारीसमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(२) गुणस्तर परिक्षणको क्रममा उपदफा (१) बमोजिम प्रणालीमा प्रविष्ट भएका कागजात रुजु गर्दा अन्यथा पाईएमा सोको कानूनी जवाफदेहीता कागजात प्रमाणित गर्ने पदाधिकारीको हुनेछ।

**७. मूल्याङ्कनको अंक गणना विधिः** (१) स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन कार्य मन्त्रालयले सञ्चालनमा ल्याएको अनलाईन प्रणाली मार्फत गरिनेछ,

(२) प्रत्येक उपसूचकको प्राप्ताङ्क उक्त उपसूचकमा लक्ष्यको तुलनामा हासिल भएको नतिजाको अनुपातमा गणना गरिनेछ,

(३) प्रत्येक उपसूचकको स्वमूल्याङ्कनमा प्रविष्टि गरिएको प्राप्ताङ्कलाई पुष्टि गर्ने अनुसूची १ मा उल्लिखित पुष्टयाईका आधार पेश गर्नुपर्नेछ।

**८. मूल्याङ्कन नतिजाको वर्गिकरणः** (१) मन्त्रालयले स्थानीय तहले प्राप्त गरेको अंकको आधारमा मूल्याङ्कनको अन्तिम नतिजाको देहाय बमोजिम वर्गिकरण गरी सार्वजनिक गर्नेछ ।

क. ९० वा सो भन्दा बढी अंकको लागिः सर्वोत्कृष्ट

ख. ७५ वा सो भन्दा बढी र ९० भन्दा कम अंकको लागिः उत्कृष्ट

ग. ५० वा सो भन्दा बढी र ७५ भन्दा कम अंकको लागिः मध्यम

घ. ३५ वा सो भन्दा बढी र ५० भन्दा कम अंकको लागिः कमजोर

ङ. ३५ भन्दा कम अंकको लागिः अति कमजोर

## परिच्छेद - ४

## नतिजाको गुणस्तर व्यवस्थापन

**९. नतिजाको गुणस्तर सुनिश्चिताः** (१) स्वमूल्याङ्कनका क्रममा वस्तुगत तथ्याङ्क तथा पुष्ट्याइँका आधारहरू प्रयोग गरी नतिजाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) स्थानीय तहबाट प्रविष्ट नतिजाको अध्ययन गरी आवश्यक पृष्ठपोषण उपलब्ध गराई गुणस्तर अभिवृद्धि गर्न समन्वय र सहजीकरण गर्ने दायित्व सम्बन्धित जिल्ला समन्वय समितिको हुनेछ।

(३) मूल्याङ्कनको समग्र प्रकृयामा गुणस्तर कायम गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ।

(४) मन्त्रालयले मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चित गर्न यस कार्यविधि बमोजिम गुणस्तर परीक्षण गर्नेछ।

(५) मन्त्रालयले गुणस्तर परीक्षण गर्दा प्रणालीमा प्रविष्ट कागजातको परिक्षण (डेस्क रिभ्यु) तथा स्थलगत अवलोकन, छलफल एवम् तथ्य तथ्याङ्कको परीक्षण वा सबै विधि अवलम्बन गर्न सक्नेछ ।

(६) उपदफा (४) बमोजिमको गुणस्तर परीक्षण देहाय बमोजिम हुनेछः

(क) प्रणालीमा प्रविष्ट प्रमाण तथा कागजातका आधारमा यथार्थपरक र वस्तुनिष्ठ रूपमा अङ्क प्रविष्टि भए नभएको अध्ययन गरी कायम हुने अङ्क एकीन गर्ने।

(ख) प्रत्येक सूचकमा कायम हुन आउने अङ्क घटी वा बढी हुने भएमा सोको आधार र कारण उल्लेख गर्ने।

## परिच्छेद - ५

## संस्थागत व्यवस्था

**(१०) निर्देशक समितिः** (१) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको नीतिगत समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संयोजक

सहसचिव, सङ्घीय मामिला महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- सदस्य

सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

सहसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग - सदस्य

सहसचिव, राष्ट्रिय योजना आयोग - सदस्य

सहसचिव, अर्थ मन्त्रालय - सदस्य

सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

सहसचिव, शहरी विकास मन्त्रालय - सदस्य

सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

सहसचिव - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सहसचिव, खानेपानी मन्त्रालय - सदस्य

सहमहालेखा नियन्त्रक - महालेखा नियन्त्रक कार्यालय

उपसचिव, स्थानीय तह समन्वय शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य सचिव

(२) निर्देशक समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

क. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको सम्बन्धमा नीतिगत मार्गदर्शन गर्ने,

ख. स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि र सो सम्बन्धी आधार तथा मापदण्ड आवश्यकता अनुसार परिमार्जन तथा सुधार गर्न सुझाव प्रदान गर्ने,

(३) समितिको बैठक र कार्यसञ्चालन सम्बन्धी व्यवस्था संयोजकले निर्धारण गरे बमोजिम हुनेछ।

**११. सहजीकरण समितिः** (१) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यमा सहजीकरण र गुणस्तर परीक्षण गर्न देहाय बमोजिमको एक सहजीकरण समिति रहनेछ ।

संयोजकः महाशाखा प्रमुख, संघीय मामिला महाशाखा

सदस्यः उपसचिव, प्राकृतिक स्रोत तथा वित्त आयोग

सदस्यः शाखा प्रमुख, स्थानीय तह समन्वय शाखा

सदस्यः शाखा प्रमुख, स्थानीय तह श्रोत परिचालन शाखा

सदस्यः       शाखा प्रमुख, सूचना प्रविधि शाखा

सदस्यः       राष्ट्रिय कार्यक्रम प्रबन्धक, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

सदस्य सचिवः शाखा अधिकृत, स्थानीय तह समन्वय शाखा

(२) समितिले आवश्यकतानुसार विषयगत मन्त्रालय /निकायका पदाधिकारी तथा सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) सहजीकरण समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यमा सहजीकरण गर्ने,

(ख) स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गर्ने /गराउने,

(ग) गुणस्तर परीक्षण पश्चात कायम भएको मूल्याङ्कनको अन्तिम नतिजा मन्त्रालयमा पेश गर्ने,

(घ) निर्देशक समितिले तोके बमोजिम मूल्याङ्कन सम्बन्धी अन्य कार्यहरू गर्ने।

(४) समितिको कार्यसञ्चालन सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. स्वमूल्याङ्कन समन्वय समितिः** (१) स्वमूल्याङ्कनको कार्यका लागि स्थानीय तहमा देहाय बमोजिमको एक स्वमूल्याङ्कन समन्वय समिति रहनेछः

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

सामाजिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य

आर्थिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य

पूर्वाधार विकास क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य

वन तथा वातावरण क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य

योजना /प्रशासन हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(२) यस समितिले प्राविधिक सहयोगका लागि सम्बन्धित विषय हेर्ने कर्मचारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) यस समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) स्वमूल्याङ्कन कार्यको प्रगतिका सम्बन्धमा छलफल गरी आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) स्वमूल्याङ्कन कार्य सम्पन्न गर्न सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने

(ग) मूल्याङ्कनको अन्तिम नतिजा र प्राप्त पृष्ठपोषणका आधारमा सुधारको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने /गराउने

(४) यस समितिले स्वमूल्याङ्कनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन योजना वा प्रशासन शाखा मध्ये कुनै एउटा शाखालाई सम्पर्क शाखा तोक्नु पर्नेछ ।

## परिच्छेद ६

## निकायगत जिम्मेवारी

**१३. स्थानीय तहको जिम्मेवारीः** (१) यस कार्यविधि बमोजिमको स्वमूल्याङ्कन प्रक्रियामा स्थानीय तहको जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) जनप्रतिनिधि र कर्मचारीहरूलाई स्वमूल्याङ्कनको उद्देश्य, विधि, प्रकृया, सूचक, सूचक प्राप्तिका लागि सम्पादन गर्नुपर्ने कार्य र सोको जिम्मेवारी लगायत समग्र प्रणालीको बारेमा जानकारी गराउने,

(ख) विषयक्षेत्रगत सूचकको स्वमूल्याङ्कन कार्यका लागि सम्बन्धित विषयगत समिति, स्वमूल्याङ्कन समन्वय समिति र शाखालाई जिम्मेवारी प्रदान गर्ने,

(ग) कार्यविधि बमोजिम स्वमूल्याङ्कनको कार्य सम्पन्न गर्ने,

(घ) मूल्याङ्कनका नतिजाको आधारमा पहिचान भएका सुधार गर्नुपर्ने क्षेत्रहरूमा स्रोत परिचालन र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(च) मन्त्रालय र जिल्ला समन्वय समितिले माग गरे बमोजिम स्वमूल्याङ्कनसँग सम्बन्धित सूचना र कागजात उपलब्ध गराउने,

(छ) मन्त्रालय र जिल्ला समन्वय समितिलाई मूल्याङ्कन प्रणालीका सम्बन्धमा कुनै सुझाव भए उपलब्ध गराउने ।

**१४. जिल्ला समन्वय समितिको जिम्मेवारीः** (१) यस कार्यविधि बमोजिम जिल्ला समन्वय समितिको जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) कार्यविधिको दफा ५ (१) घ. बमोजिम प्रारम्भिक नतिजाको पुनरवलोकन गरी सम्बन्धित स्थानीय तहलाई पृष्ठपोषण उपलब्ध गराउने,

(ख) मूल्याङ्नको अन्तिम नतिजाको अध्ययनको आधारमा जिल्लाभित्र स्थानीय तहसँग आवश्यक सुधारका लागि अन्तरक्रिया, छलफल र पृष्ठपोषण प्रदान गर्ने,

(ग) स्थानीय तहको क्षमता विकासको लागि आवश्यक समन्वय र सहकार्य गर्ने,

(घ) गुणस्तर परीक्षणको लागि मन्त्रालयलाई आवश्यक सहयोग गर्ने ।

**१५. मन्त्रालयको जिम्मेवारीः** (१) यस कार्यविधिको कार्यान्वयनमा मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः

क) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनका लागि नीतिगत मार्गदर्शन गर्ने,

ख. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको नतिजालाई एकीकृत रुपमा प्रविष्टी, भण्डारण, सुरक्षा, नतिजा सार्वजनिकरण गर्न सूचना प्रविधिमा आधारित प्रणाली प्रयोगमा ल्याउने,

ग. स्थानीय तहको माग र आवश्यकताको आधारमा स्वमूल्याङ्कन कार्यमा स्थलगत सहयोग र सहजीकरण गर्ने,

घ. गुणस्तर परीक्षण र सो क्रममा तथ्यहरुको एकीन गर्न एवम् थप स्पष्ट हुनुपर्ने विषयका सम्बन्धमा स्थलगत अध्ययन, अवलोकन र अन्तरक्रिया गर्ने,

(ङ) मूल्याङ्कनको नतिजाका आधारमा आवश्यक देखिएका स्थानीय तहहरूमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(च) मूल्याङ्कन प्रणाली व्यवस्थापन तथा सञ्चालन, प्रणालीको गुणस्तर अभिवृद्धि, नतिजाको उपयोग सम्बन्धमा सरकारी तथा गैर सरकारी निकाय, प्राज्ञिक क्षेत्र र विकास साझेदार लगायतका सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,

(२) मन्त्रालयले मुल्याङ्कनको नतिजामा आधारित भई आवश्यकता अनुसार जिल्लागत वा प्रदेशगत रूपमा गाउँपालिका र नगरपालिकाको एकीकृत वा छुटाछुट्टै समीक्षा गरी असल अभ्यासको आदानप्रदान र पृष्ठपोषण प्रदान गर्न सक्नेछ।

## परिच्छेद ७

## विविध

**१६. कार्यसम्पादन सूचकको आधारको रुपमा लिन सकिनेः** यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कनको नतिजालाई स्थानीय तहमा हस्तान्तरण गरिने अनुदानसँग आवद्ध गर्न सकिनेछ।

**१७. कार्यसम्पादनको आधारमा नमूना स्थानीय तह घोषणा गर्न सक्नेः** कार्यसम्पादन मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने ५ वटा गाउँपालिका र ५ वटा नगरपालिकालाई नमूना गाउँपालिका र नमूना नगरपालिका घोषणा गरिनेछ ।

**१८. नतिजाको आधारमा पुरस्कृत गर्न सक्नेः** (१) दफा १४ बमोजिम कार्यसम्पादनको आधारमा नमूना घोषणा भएका गाउँपालिका र नगरपालिकालाई कदरपत्र वा पुरस्कार प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम बाहेक सर्वोत्कृष्ट नतिजा समूहमा परेका सबै गाउँपालिका नगरपालिकालाई समेत कदरपत्र वा पुरस्कार प्रदान गरिनेछ।

(३) प्रदेश सरकार र जिल्ला समन्वय समितिले आफ्नो क्षेत्रभित्रका स्थानीय तहले प्राप्त गरेको स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कनको अन्तिम नतिजालाई आधार मानी प्रोत्साहन एवम् पुरस्कृत गर्न सक्नेछन् ।

**१९. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२०. खारेजी र बचाउः** (१) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लेख भएका कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १
## (कार्यविधिको दफा ३ र ४ सँग सम्बन्धित)
## स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LG-PAS) का सूचकहरु

| सि.नं.।सूचक नं | विषयक्षेत्र | उपक्षेत्र | सूचक | | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार | |
|---|---|---|---|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | क. योजना तथा बजेट व्यवस्थापन | १. योजना र बजेट बीचको तादात्म्यता | क. वार्षिक बजेटमा समावेश भएका आयोजना/कार्यक्रमको स्वीकृत दीर्घकालीन र/वा विषयक्षेत्रगत योजनाले निर्धारण गरेको स्थानीय विकासका प्राथमिकताका क्षेत्र अनुसार सांकेतीकरण गरेको | ०.६ | क. स्वीकृत दीर्घकालीन र/वा विषयक्षेत्रगत योजनामा स्थानीय विकासका प्राथमिकताका क्षेत्र निर्धारण गरिको पानाको छायाँ प्रति<br>ख. आयोजना।कार्यक्रमको स्थानीय प्राथमिकताका क्षेत्र अनुसार सांकेतीकरण गरिएको खुल्ने वार्षिक विकास कार्यक्रम पुस्तिकाको कुनै एक पानाको छायाँप्रति | |
| | | | | ख. आयोजना छनौटको स्वीकृत मापदण्ड बमोजिम छनौट र प्राथमिकीकरण गेरेका आयोजना/कार्यक्रममा मात्र बजेट विनियोजन गरेको | ०.४ | मापदण्ड बमोजिम छनौट र प्राथमिकीकरण गरी कार्यपालिकाबाट स्वीकृत आयोजना/कार्यक्रमको विवरण र वार्षिक विकास कार्यक्रम पुस्तिका | |
| २ | | | २. मध्यमकालीन खर्च संरचना र दीगो विकास लक्ष्य साङ्केतीकरण | क. मध्यमकालीन खर्च संरचनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा ६) | ०.६ | मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम पुस्तिका | |
| | | | | ख. आयोजना/कार्यक्रमको दिगो विकास लक्ष्य साङ्केतीकरण गरिएको | ०.४ | आयोजना कार्यक्रमको दिगो विकास लक्ष्य साङ्केतीकरण गरिएको खुल्ने वार्षिक विकास कार्यक्रम पुस्तिकाको कुनै एक पानाको छायाँ प्रति | |
| ३ | | | ३. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा | क. आयको प्रक्षेपणसहित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारित बजेट सीमा भित्र वार्षिक बजेट तथा कार्यक्रम तयार भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ र ६७) | ०.६ | क. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आय प्रक्षेपण र बजेट सीमा निर्धारण गरेको निर्णय<br>ख. वार्षिक बजेट तथा कार्यक्रमको विषयक्षेत्रगत बजेट बाँडफाटको सारसंक्षेपको प्रति | |
| | | | | ख. सरोकारवालाको सहभागितामा वस्तीस्तरबाट आयोजना।कार्यक्रम छनौट भएको (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८) | ०.४ | क. वस्तीस्तरीय योजना तर्जुमा भेलामा सरोकारवालाको उपस्थितिको प्रति<br>ख. वस्तीस्तरीय योजना तर्जुमा भेलामा माग भएका आयोजना/कार्यक्रमको सूची सहितको निर्णय प्रति | |
| ४ | | | ४. राजस्व र व्यय (वार्षिक बजेट) को स्वीकृति | क. आगामी आ.व. को राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गरी असार १० गते भित्र सभामा पेश भएको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१)] | ०.६ | आगामी आ.व.को राजस्व र व्यय (बजेट) असार १० गते भित्र सभामा पेश भएको निर्णयको प्रति | |
| | | | | ख. पेश भएको राजस्व र व्यय (बजेट) को अनुमान उपर सभामा छलफल गरी असार मसान्त भित्र पारित भएको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (६)] | ०.४ | आगामी आ.व.को राजस्व र व्यय (बजेट) असार मसान्त भित्र सभाबाट पारित भएको निर्णयको प्रति | |
| ५ | | | ५. बजेट विनियोजन दक्षता | क. स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा आयोजनागत रूपमा बजेट बाँडफाँट गरी कुनै शीर्षकमा अबण्डा नराखिएको (कानून बमोजिम तोकिएका कोषमा बाहेक) | ०.६ | अबण्डा नराखी बजेट बाँडफाँट गरिएको व्यहोराको प्रमाणित प्रति | |
| | | | | ख. आन्तरिक आय र राजस्व बाँडफाँटको रकममा नबढ्ने गरी प्रशासनिक खर्च विनियोजन गरिएको [अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४)] | ०.४ | देहायका विषय खुल्ने विवरणको प्रमाणित प्रति<br>क. आन्तरिक आय (समानीकरणको अ.ल्या. बाहेक) र राजस्व बाँडफाँटबाट प्राप्त आयको कूल रकम<br>ख. प्रशासनिक खर्चको लागि विनियोजित कूल बजेट | |
| ६ | | | ६. बजेट खर्चमा अनुशासन | क. आयोजना/कार्यक्रमको वार्षिक कार्यान्वयन कार्ययोजना र खरिद गुरुयोजना स्वीकृत गरेको | ०.६ | आयोजना।कार्यक्रमको स्वीकृत वार्षिक कार्यान्वयन कार्ययोजना र खरिद गुरुयोजनाको प्रति | |
| | | | | ख. तोकिएको सीमा र शीर्षक भित्र रही स्वीकृत कार्यक्रममा मात्र रकमान्तर गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९) | ०.४ | रकमान्तर भएको शीर्षकको शुरु विनियोजन र रकमान्तर भई थपघट भएको बजेट सम्बन्धी तुलनात्मक विवरणको प्रमाणित प्रति (ढाँचा बमोजिम) | |
| ७ | | | ७. आयोजना कार्यान्वयनमा जनसहभागिता | क. उपभोक्ता समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको | ०.६ | उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि प्रकाशन गरिएको स्थानीय राजपत्र | |
| | | | | ख. उपभोक्ता समिति मार्फत सम्पन्न भएका पूर्वाधार आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको | ०.४ | उपभोक्ता समितिबाट सम्पन्न भएका पूर्वाधार आयोजना र तीमध्ये उपभोक्ता समितिलाई हस्तान्तरण गरिएका आयोजनाको प्रमाणित विवरण | |
| ८ | | | ८. आयोजनाको कार्यान्वयन प्रभावकारिता | क. स्वीकृत आयोजना।कार्यक्रमको लक्ष्यको तुलनामा त्रैमासिक र वार्षिक प्रगति प्रतिशत | ०.६ | क. आयोजना।कार्यक्रमको त्रैमासिक प्रगति प्रतिवेदन<br>ख. आयोजना।कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन | |
| | | | | ख. मूल्याङ्कन भएको आ.व.मा निर्माण सम्पन्न भएका आयोजनामध्ये सञ्चालनमा आएका आयोजनाको प्रतिशत | ०.४ | मूल्यांकन वर्षमा निर्माण सम्पन्न भएका र तीमध्ये सञ्चालनमा आएका आयोजनाको प्रमाणित विवरण | |

| सि.नं.।सूचक नं | विषयक्षेत्र | उपक्षेत्र | सूचक | | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईको आधार | |
|---|---|---|---|---|---|---|---|
| ९ | | ख. पारदर्शिता र उत्तरदायित्व | १. निर्णय सार्वजनीकरण | क. सभाको निर्णय र वार्षिक बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत भएको मितिले ७ दिन भित्र वेबसाइटमार्फत सार्वजनिक गरेको | ०.६ | सभाको निर्णय र वार्षिक बजेट तथा कार्यक्रम अपलोड गरिएको वेबसाइटको लिङ्क | |
| | | | | ख. कार्यपालिकाबाट भएका निर्णयहरु ७ दिन भित्र वेबसाइट मार्फत सार्वजनिक गरेको | ०.४ | कार्यपालिकाका निर्णय अपलोड गरिएको वेबसाइटको लिङ्क | |
| १० | | | २. सूचनामाथि नागरिक पहुँच | क. प्रवक्ता र सूचना अधिकारी तोकी उनीहरुको तस्विर र सम्पर्क नं. सहितको विवरण वेबसाइटमा राखेको (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ दफा ..........) | ०.६ | कार्यालयको वेबसाइटमा प्रकाशित प्रवक्ता र सूचना अधिकारीको अद्यावधिक विवरण | |
| | | | | ख. नागरिकका सरोकारका सूचना नियमित रुपमा अद्यावधिक गरी प्रकाशन गरेको (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ दफा ..........) | ०.४ | वेबसाइटमा सूचना, प्रतिवेदन, नीति तथा कानून, निर्णय र अन्य प्रकाशनको संग्रह (आर्काइभ) को लिङ्क | |
| ११ | | | ३. सार्वजनिक कामको नागरिक परीक्षण | क. हरेक चौमासिकमा कम्तिमा एकपटक सरोकारवालाको सहभागितामा सार्वजनिक सुनुवाइ गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३०) | ०.६ | क. सम्पन्न प्रत्येक सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदनको तस्विर सहितको अंशको छायाँ प्रति ख. सहभागीहरुको उपस्थितिको प्रमाणित प्रति | |
| | | | | ख. उपभोक्ता समितिमार्फत सम्पन्न भएका आयोजनाको अन्तिम भुक्तानी पूर्व सार्वजनिक परीक्षण गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८) | ०.४ | उपभोक्ता समितिबाट सम्पन्न भएका आयोजना र तिनको अन्तिम भुक्तानी पूर्व सार्वजनिक परीक्षण भएको प्रमाणित चेकलिष्ट (ढाँचा बमोजिमको) | |
| १२ | | | ४. सेवाग्राही सन्तुष्टि | क. सेवाग्राही बहिर्गमन अभिमत संकलन (Exit Poll) वा सेवाग्राही पृष्ठपोषण संकलन (Customers feedback collection) वा सेवाग्राही सन्तुष्टि सर्भेक्षण (Customers satisfaction survey) गरी प्रतिवेदन सार्वजनिक गरेको | ०.६ | सेवाग्राही अभिमत वा पृष्ठपोषण वा सन्तुष्टि मापनको नतिजासहितको प्रतिवेदन वा सो प्रतिवेदनको सम्बन्धित अंशको छायाँ प्रति | |
| | | | | ख. कार्यालयमा दर्ता भएकामध्ये फछ्र्यौट भएका गुनासाको प्रतिशत (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१) | ०.४ | कार्यालयमा दर्ता भएका र तीमध्ये फछ्र्यौट भएका गुनासाहरुको प्रमाणित विवरण | |
| १३ | | | ५. प्रगति समीक्षा | क. राजस्वस्व संकलन र बजेट तथा कार्यक्रम कार्यान्वयनका वित्तीय तथा भौतिक प्रगतिका त्रैमासिक समीक्षा प्रत्येक त्रैमास समाप्त भएको अर्को महिनाभित्र र वार्षिक समीक्षा अर्को वर्षको पहिलो त्रैमासभित्र सम्पन्न गरी वेवसाइट मार्फत प्रतिवेदन सार्वजनिक गरेको (सूचनाको हकसम्बन्धी ऐन दफा ५ (३)(झ) | ०.६ | क. समीक्षा बैठकको मिति खुल्ने उपस्थिति र निर्णयको प्रति ख. त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन | |
| | | | | ख. आयोजना तथा कार्यक्रमको त्रैमासिक र वार्षिक समीक्षामा स्थानीय तहभित्र सञ्चालित गैर सरकारी संस्थाका कार्यक्रमको समेत प्रगति समीक्षा गरी प्रतिवेदनमा समावेश गरिएको | ०.४ | गैर सरकारी संस्थाका कार्यक्रमको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको खण्डको छायाँ प्रति | |
| १४ | | ग. शासकीय प्रवन्ध | १. सभाको क्रियाशीलता | क. तोकिएको समयभित्रै सभाको बैठक बसी प्रभावकारी निर्णय गर्न सभाको बैठक बस्ने मिति, समय, स्थान र कार्यसूची सहितको सूचना ७ दिन अगावै सभाका सबै सदस्यलाई पठाईएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९) | ०.६ | क. सभाको बैठकमा आमन्त्रण गरेको पत्र वा विद्युतीय माध्यमबाट प्रेषित गरेको भए सोको प्रमाण ख. सभाको बैठकको उपस्थिति र निर्णयको प्रमाणित प्रति | |
| | | | | ख. सभाको बैठकमा लेखा समिति, विधायन समिति र सुशासन समिति लगायतका सभाका समितिबाट पेश भएका प्रतिवेदन उपर छलफल भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२) | ०.४ | समितिबाट पेश भएका प्रतिवेदन सम्बन्धमा सभामा छलफल गरी गरिएका निर्णयको प्रति | |
| १५ | | | २. कार्यपालिकाको क्रियाशीलता | क. स्वीकृत कार्यविभाजन नियमावली र कार्यसम्पादन नियमावली बमोजिम कम्तिमा महिनाको एकपटक कार्यपालिकाको बैठक बसेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा | ०.६ | क. कार्यविभाजन नियमावली र कार्यसम्पादन नियमावलीको प्रति ग. प्रत्येक महिनाको एउटा बैठकको उपस्थिति र निर्णयको प्रति | |
| | | | | ख. स्वीकृत नियमावली बमोजिम गठन भएका कार्यपालिकाका विषयगत समितिबाट पेश भएका विषयमा कार्यपालिकामा छलफल गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४) | ०.४ | क. विषयगत समिति गठन तथा कार्यसञ्चालन सम्बन्धी स्वीकृत नियमावलीको प्रति ख. समितिबाट पेश भएका प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा छलफल गरी गरिएका निर्णयको प्रति | |
| १६ | | | ३. संगठन संचरना र व्यवस्थापन परीक्षण | क. स्वीकृत दरबन्दी तेरिज, संगठन संरचना र कार्यविवरण वेबसाइटमा राखेको र स्थायी पदपूर्ति गर्नुपर्ने पद रिक्त भएमा माग आकृति फारम भरी प्रदेश लोक सेवा आयोगमा पठाएको | ०.६ | क. स्वीकृत संगठन संरचना, दरबन्दी तेरिज र कार्यविवरण अपलोड गरेको वेबसाइटको लिङ्क ख. माग आकृति फारम प्रदेश लोक सेवा आयोगमा पठाएको पत्र | |
| | | | | ख. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको ढाँचा र प्रक्रिया बमोजिम व्यवस्थापन परीक्षण गरी प्रतिवेदन उपर कार्यपालिका बैठकमा छलफल गरेको | ०.४ | व्यवस्थापन परिक्षण प्रतिवेदन (ढाँचा बमोजिमको) र सो उपर कार्यपालिकामा छलफल गरी गरिएको निर्णयको प्रति | |
| १७ | | | ४. संस्थागत क्षमता विकास | क. यस कार्यविधि बमोजिम गठन भएको स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन सहजीकरण समितिको नियमित बैठक बसी तोकेका कार्य सम्पादन गरेको | ०.६ | समितिका सबै बैठक र निर्णयको प्रमाणित विवरण र कुनै एक बैठकको उपस्थिति र निर्णयको प्रति | |
| | | | | ख. कार्यसम्पादन मूल्याङ्कन नतिजाको आधारमा समष्टिगत सुधारको कार्ययोजना कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गरेको | ०.४ | हाल कार्यान्वयनमा रहेको कार्यपालिकाबाट स्वीकृत समष्टिगत सुधार कार्ययोजना | |
| १८ | | | ५. पदाधिकारीको क्षमता विकास | क. क्षमता विकास कार्ययोजनाको वार्षिक लक्ष्यको तुलनामा तालिम तथा अभिमुखीकरण प्राप्त गरेका पदाधिकारीको प्रतिशत | ०.६ | क. वार्षिक लक्ष्यसहितको पदाधिकारीहरुको क्षमता विकास कार्ययोजना ख. तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागी भएका जनप्रतिनिधिको प्रमाणित उपस्थिति विवरण | |

| सि.नं.।सूचक नं | विषयक्षेत्र | उपक्षेत्र | सूचक | | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार | |
|---|---|---|---|---|---|---|---|
| | | | | ख. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना /कार्यक्रम कार्यान्वयन गर्नुपूर्व अभिमुखीकरण प्राप्त गरेका उपभोक्ता समितिको प्रतिशत | ०.४ | गठन भएका उपभोक्ता समितिको विवरण र तीमध्ये अभिमुखीकरण गरिएका उपभोक्ता समितिको संख्याको प्रमाणित प्रति (ढाँचा बमोजिम) | |
| १९ | | | ६. कर्मचारी तालिम तथा वृत्ति विकास | क. विगत ३ वर्षमा कम्तिमा एकपटक तालिम प्राप्त गरेका कर्मचारीको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ङ) | ०.६ | हाल कार्यरत कुल कर्मचारी संख्या र विगत ३ वर्षमा कम्तिमा एकपटक तालिम प्राप्त गरेका कर्मचारीको संख्याको प्रमाणित विवरण | |
| | | | | ख. कर्मचारीको सेवा निवृत्त सुविधा उपलब्ध गराउन आवश्यक स्रोतको व्यवस्था भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१) | ०.४ | सेवा निवृत्त सुविधाको लागि छुट्टै कोषको व्यवस्था गरेको वा तोकिएको अन्य कोषमा रकम जम्मा गरेको खुल्ने नीतिगत कागजात वा अन्य प्रमाण | |
| २० | | | विद्युतीय सुशासन | क. सर्वसाधारण नागरिकलाई प्रवाह गर्ने सेवा वा कार्यसम्पादन प्रणालीहरुमध्ये कम्तिमा तीनवटा सेवा प्रवाह/कार्यसम्पादन पूर्णरुपमा विद्युतीय माध्यमबाट गरेको (जस्तैः अनलाइन भुक्तानी, फोन पे, अनलाइन निवेदन/फाराम दर्ता, गाउँपालिका/नगरपालिको एप सञ्चालन, अनलाइन सिफारिस, अफिस अटोमेशन प्रणाली कार्यान्वयन, विद्युतीय अभिलेख प्रणालीको प्रयोग आदि) | ०.६ | विद्युतीय माध्यमबाट प्रवाह भएका सेवा र कार्यसम्पादनमा प्रयोग गरिएका प्रणालीहरुको पुष्टि हुने प्रमाण सहितको प्रमाणित विवरण | |
| | | | | ख. गाउँ /नगरपालिकाको वेबसाइट नियमित रुपमा अद्यावधिक भएको | ०.४ | गाउँ /नगरपालिकाको अद्यावधिक वेबसाइटको लिङ्क | |
| २१ | | | सार्वजनिक सम्पत्ति व्यवस्थापन | क. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा आएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११) | ०.६ | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को लिङ्क र सोबाट सिर्जित वार्षिक प्रतिवेदन | |
| | | | | ख. जिन्सी निरक्षण गरी प्रतिवेदनमा औंल्याईएका मर्मत गर्नुपर्ने र लिलाम गर्नु पर्ने सामग्रीमध्ये मर्मत भएका र लिलाम भएका सामग्रीको प्रतिशत | ०.४ | मर्मत र लिलाम गर्नुपर्ने सामग्री र मर्मत भएका र लिलाम भएका सामग्रीको प्रमाणित विवरण | |
| २२ | | | अनुगमन तथा मूल्याङ्कन | क. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी स्थानीय कानून स्वीकृत गरी आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि शाखा र पदाधिकारी तोकिएको (अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० दफा १५ (२) र (६) | ०.६ | क. अनुगमन तथा मूल्यांकन सम्बन्धी स्थानीय कानून प्रकाशन भएको राजपत्रको अङ्क<br>ख. अनुगमन तथा मूल्यांकनका लागि शाखा र पदाधिकारी तोकिएको पत्र | |
| | | | | ख. स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्ययोजनाको लक्ष्यको तुलनामा स्थलगत प्राविधिक अनुगमन भएका आयोजना/कार्यक्रमको प्रतिशत | ०.४ | क. स्वीकृत अनुगमन तथा मुल्यांकन कार्ययोजना<br>ख. स्थलगत प्राविधिक अनुगमनको वार्षिक लक्ष्य र अनुगमन भएका आयोजना।कार्यक्रमको संख्या खुल्ने प्रमाणित विवरण | |
| २३ | | घ. सार्वजनिक सेवा प्रवाह | १. व्यक्तिगत घटना दर्ता | मूल्यांकन वर्षका कुल व्यक्तिगत घटना दर्ताको तुलनामा घटना घटेको ३५ दिन भित्र अनलाइन प्रणालीमार्फत भएका व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइ सराइ) दर्ताको प्रतिशत (राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८) | ०.६ | ३५ दिनभित्र भएका व्यक्तिगत घटना दर्ताको प्रतिशत खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति वा कूल वार्षिक घटना दर्ता संख्या र ३५ दिनभित्र गरिएका घटना दर्ता संख्याको प्रमाणित विवरण | |
| | | | | जनप्रतिनिधि, स्थानीय पञ्जीकाधिकारी, अन्य कर्मचारी तथा सरोकारवालाहरूको लागि व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम /अभिमुखीकरण सञ्चालन भएको | ०.४ | तालिम वा अभिमुखीकरणको स्वीकृत कार्यक्रम तालिका र उपस्थितिको प्रमाणित प्रतिलिपि | |
| | | | २. सार्वजनिक सेवाको मापदण्ड | क. कार्यालयबाट प्रदान गरिने विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको एकीकृत मापदण्ड (SOP) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | ०.६ | विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको कार्यपालिकाबाट स्वीकृत एकीकृत मापदण्ड | |
| | | | | ख. सेवाग्राहीले सजिलै देख्न सक्ने गरी नागरिक बडापत्र राखिएको (सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा २५) | ०.४ | कार्यालय परिसर र राखिएको स्थान देखिने नागरिक वडापत्रको तस्विर | |
| २४ | | | ३. सेवा प्रवाहको सुनिश्चितता | क. कुनै पदाधिकारी वा कर्मचारी अनुपस्थित हुँदा सेवा प्रवाहको वैकल्पिक प्रबन्ध गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६) | ०.६ | पदाधिकारी (वडाध्यक्ष) तथा कर्मचारी (शाखा प्रमुख र स्थानीय पञ्जीकाधिकारी) अनुपस्थित हुँदा अर्को पदाधिकारी वा कर्मचारीले हेर्ने गरी जिम्मेवारी तोकिएको प्रमाण | |
| | | | | ख. सेवा प्रवाहलाई सहज बनाउन घुम्ती सेवा वा संयुक्त सेवा (निजी, गैरसरकारी वा सामुदायिक क्षेत्रसँग वा अन्य स्थानीय तहसँग वा प्रदेश वा संघीय सरकारका निकायसँग) सञ्चालन भएको (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २६) | ०.४ | घुम्ती सेवा वा संयुक्त सेवा सञ्चालनको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति वा सञ्चालित सेवाको स्थान, संख्या र सेवा लिएका सेवाग्राहीको संख्या खुलाइएको केही तस्विरहरु सहितको प्रमाणित विवरण (दुई पानाभन्दा बढी नहुने गरी) | |
| २५ | | | ४. सेवाको प्रवाहको प्रभावकारीता | ख. प्रमुख।अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच तथा प्रमुख प्रशासकीय अधिकृत र विभाग। महाशाखा।शाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता भएको | ०.६ | अध्यक्ष।प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच भएको तथा प्रमुख प्रशासकीय अधिकृत र कुनै एक महाशाखा।शाखा प्रमुखबीच भएको कार्यसम्पादन सम्झौताको १/१ प्रति | |
| | | | | ख. सेवाको प्रभावकारीता र गुणस्तर सुनिश्चत गर्न सेवा प्रवाह विन्दुमा अनुगमन गरेको | ०.४ | सेवा प्रवाहको अनुगमन गरिएको स्थान, अनुगमनको संख्या र देखिएका समस्या सुधारका लागि चालिकएका कदमहरु खुलाइएको अनुगमनको वार्षिक प्रतिवेदन | |
| | | | उपभोक्ता हित संरक्षण | क. स्थानीय बजार अनुगमन समिति गठन भई कियाशील रहेको (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८) | ०.६ | स्थानीय बजार अनुगमन समितिको कुनै एउटा बैठकको उपस्थिति तथा निर्णयको प्रमाणित प्रति र बजार अनुगमनको वार्षिक प्रतिवेदन | |

| सि.नं.।सूचक नं | विषयक्षेत्र | उपक्षेत्र | सूचक | | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार | |
|---|---|---|---|---|---|---|---|
| २६ | | | | ख. स्थानीय बजार अनुगमन निर्देशिका /कार्यविधि निर्माण गरी उपभोक्ता हित संरक्षण तथा उपभोक्ता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरेको (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६४) | ०.४ | क. स्वीकृत स्थानीय बजार अनुगमन निर्देशिका।कार्यविधि<br>ख. आफैंले वा निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा सञ्चालित उपभोक्ता हित संरक्षण तथा उपभोक्ता शिक्षा अभिवृद्धि कार्यक्रमको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छयाँ प्रति | |
| २७ | | ङ. सार्वजनिक वित्त व्यवस्थापन | १. राजस्व नीति | स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतका आधारमा राजस्वका दर तथा दायरा निर्धारण गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५) | ०.६ | क. सिफारिसका लागि बसेका राजस्व परामर्श समितिको बैठकको उपस्थिति सहितको निर्णयको प्रति<br>ख. राजस्व परामर्श समितिको राजस्वका दर तथा दायरा निर्धारण गरिएको प्रतिवेदन | |
| | | | | आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४) | ०.४ | मूल्यांकन वर्षको आर्थिक ऐन | |
| २८ | | | २. राजश्व संकलन | क. प्रक्षेपित वार्षिक लक्ष्यको तुलनामा संकलन भएको राजस्वको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | ०.६ | मूल्यांकन वर्षको प्रक्षेपित राजस्व र संकलन भएको यथार्थ राजस्वको अङ्क खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति | |
| | | | | ख. अघिल्लो आ.व.को तुलनामा मूल्याङ्कन गरिएको आ.व.मा वृद्धि भएको राजस्वको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८) (५ प्रतिशत वृद्धिलाई पूर्णाङ्क प्रदान गरिने) | ०.४ | अघिल्लो वर्ष र मूल्याङ्कन वर्षको राजस्व संकलन सम्बन्धी तुलनात्मक विवरणको प्रमाणित प्रति | |
| २९ | | | ३. राजस्व दाखिला र बाँडफाँट | क. संकलन भएको राजस्व सोही दिन वा सोही दिन सम्भव नभए भोलिपल्ट तोकिएको बैंक खातामा दाखिला भएको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन दफा (२७) | ०.६ | हरेक त्रैमासिक अवधिको पहिलो महिनाको राजस्व संकलन र बैक दाखिलाको विवरण | |
| | | | | ख. स्थानीय तहले प्रदेशलाई बाँडफाँट गर्नुपर्ने राजस्व नियमित रुपमा प्रदेश सञ्चित कोषमा उपलब्ध गराएको (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५) | ०.४ | राजस्व बाडफाँट गरी समयमै दाखिला गरेको खुल्ने प्रमाण | |
| ३० | | | ४. सार्वजनिक खरिद व्यवस्थापन | क. खरिद एकाइ मार्फत पेश भएको वार्षिक खरिद योजना स्वीकृत भएको (सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६) | ०.६ | स्वीकृत वार्षिक खरिद योजना | |
| | | | | ख. सार्वजनिक खरिद गर्दा Pre-Bid Meeting गर्ने गरेको र कानून बमोजिम इ-बिडिङ (E-Bidding) गर्नु पर्ने खरिद कार्यमा इ-बिडिङ प्रणाली अवलम्बन गरेको (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६) | ०.४ | क. पूर्व बिडिङ् बैठक (Pre-Bid Meeting) को माइन्युटको प्रति<br>ख. इ-बिडिङ (E-Bidding) गरिएका आयोजना /कार्यक्रमको विवरण | |
| ३१ | | | ५. आन्तरिक नियन्त्रण प्रणाली | क. आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१) | ०.६ | स्वीकृत आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि | |
| | | | | ख. स्थानीय तहमा कानून बमोजिम स्थापित कोषको सञ्चालन स्वीकृत निर्देशिका /कार्यविधि बमोजिम भएको | ०.४ | स्थानीय तहमा रहेका कोषहरूको विवरण र उक्त कोषहरू सञ्चालन सम्बन्धी कार्यविधिको प्रति | |
| ३२ | | | स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को प्रयोग | क. स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली (LLRMIS) मा स्थानीय तहभित्रका सबै करदाताको लगत सहितको विवरण अद्यावधिक गरी करदाता, सेवाग्राहीले तिर्नुपर्ने कर दस्तुर तथा सेवा शुल्क स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली (LLRMIS) मार्फत संकलन भई स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा आबद्ध भएको (आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५) | ०.६ | क. स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली (LLRMIS) बाट तयार भएको करदाताको अद्यावधिक विवरण<br>ख. स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली (LLRMIS) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को आबद्धता भएको खुल्ने प्रमाण | |
| | | | | ख. स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना /कार्यक्रमको खर्चको लेखाङ्कन स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत मात्र हुने गरेको (आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५) | ०.४ | क. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट तयार भएको खर्चको प्रतिवेदन | |
| ३३ | | | लेखापालन | ख. वित्तीय कारोबारको व्यवस्थित लेखा राखी असोज मसान्त भित्र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा हिसाब भिडान गरी एकिकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५) | ०.६ | क. एकीकृत वित्तीय प्रतिवेदन<br>ख. वित्तीय प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको पत्रको छायाँ प्रति | |
| | | | | क. धरौटीको अभिलेख अद्यावधिक गरी जफत गर्नुपर्ने धरौटी भएमा जफत गरी सदरस्याहा गरेको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ७) | ०.४ | क. धरौटी अद्यावधिक गरिएको अभिलेखको छायाँ प्रति<br>ख. सदरस्याहा गरेको प्रमाणित कागजात | |

| सि.नं.।सूचक नं | विषयक्षेत्र | उपक्षेत्र | सूचक | | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईको आधार | |
|---|---|---|---|---|---|---|---|
| ३४ | | | आन्तरिक लेखापरीक्षण | क. त्रैमासिक रूपमा आन्तरीक लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन अध्यक्ष /प्रमुख समक्ष पेश भएको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ (४) | ०.६ | अध्यक्ष।प्रमुख समक्ष पेश भएको त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन | |
| | | | | ख. आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७) | ०.४ | आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत र तिनको फस्यौंट भए नभएको खुल्ने प्रमाणित विवरण | |
| ३५ | | | अन्तिम लेखापरीक्षण | क. अघिल्लो आ.व. को अन्तिम लेखा परीक्षण गराई सोको प्रतिवेदन प्राप्त भएको मितिले १५ दिन भित्र कार्यपालिकामा छलफल गरी वेबसाइटमार्फत सार्वजनिक गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७) | ०.६ | क. अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा भएको छलफल र निर्णयको छायाँ प्रति<br>ख. अन्तिम लेखा परीक्षणको प्रतिवेदन | |
| | | | | ख. मूल्याङ्कन हुनु भन्दा अघिल्लो आ.व. को अन्तिम लेखापरीक्षण प्रतिवेदन सभाको लेखा समिति मार्फत पेश गरी सभामा छलफल भएको [(लेखा परीक्षण ऐन, २०७५ को दफा २० (३)] | ०.४ | अन्तिम लेखापरीक्षण प्रतिवेदन माथि सभामा छलफल भएको खुल्ने साभाको बैठकको एजेन्डा र निर्णयको छायाँ प्रति | |
| ३६ | | | बेरुजु फस्यौंट | क. अघिल्लो आ.व. को अन्तिम लेखापरीक्षणले औंल्याएको असुल उपर गर्नुपर्ने बेरुजु शून्य भएको (लेखा परीक्षण ऐन, २०७५ को दफा २२) | ०.६ | असुल उपर गर्नुपर्ने बेरुजु नभएको प्रमाण खुल्ने अन्तिम लेखापरीक्षण प्रतिवेदनको पानाको छायाँ प्रति | |
| | | | | ख. विगतदेखिको सञ्चित बेरुजु रकममध्ये मूल्याङ्कन वर्षमा फस्यौंट भएको बेरुजुको प्रतिशत | ०.४ | क. विगतदेखिको कूल सञ्चित बेरुजु र मूल्यांकन वर्षमा बेरूजु सम्परीक्षणबाट फस्यौंट भएको बेरुजुको अंक खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति | |
| ३७ | | | अनुदान व्यवस्थापन | क. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समपुरक, ससर्त तथा विशेष अनुदानबाट सञ्चालन भएका आयोजना।कार्यक्रमको प्रगति विवरण आवधिक रुपमा सम्बन्धित निकायमा पेश गरेको | ०.६ | सम्बन्धित निकायमा पेश गरेको त्रैमासिक र वार्षिक प्रगति विवरणको प्रति | |
| | | | | ख. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान (समपुरक, ससर्त तथा विशेष) को खर्च नभई बाँकी रहेको रकम सोही आ.व. भित्र सम्बन्धित सरकारमा फिर्ता गरेको | ०.४ | बाँकी रकम फिर्ता दाखिला गरेको भौचरको छायाँ प्रति | |
| ३८ | | च. समन्वय र सहकार्य | अन्तरस्थानीय तह साझेदारी | क. जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहमा विकास निर्माण कार्यमा सन्तुलन कायम भए नभएको अनुगमन गरी दिएको प्रतिवेदनमा उल्लिखित सुझावका सम्बन्धमा कार्यपालिकामा छलफल गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२) | ०.६ | क. जिल्ला समन्वय समितिबाट प्राप्त अनुगमन प्रतिवेदन<br>ख. उक्त प्रतिवेदन उपर कार्यपालिका बैठकमा भएको छलफलको निर्णयको प्रति | |
| ३९ | | | | ख. अन्तर स्थानीय तह सहकार्य तथा साझेदारीको क्षेत्र पहिचान गरी साझेदारीमा आयोजना /कार्यक्रम कार्यान्वयन भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६) | ०.४ | क. सहकार्य तथा साझेदारीको क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्न छलफलका लागि बसेको बैठकको उपस्थिति सहितको निर्णयको प्रति<br>ख. साझेदारीका क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको भए सो बमोजिम सञ्चालन भएका आयोजना /कार्यक्रमको विवरण | |
| ४० | | | अन्तरतह समन्वय | क. आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण तोकिएको समायावधि भित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेको (अन्तर सरकारी वित्त | ०.६ | सङ्घीय अर्थ मन्त्रालयमा प्रेशित गरेको विवरण र पत्रको प्रति | |
| | | | | ख. विषयगत क्षेत्रका पोर्टलमा विवरण अद्यावधिक भएको (N-WASH, IHMIS, EMIS, किसान सूचीकरण व्यवस्थापन प्रणाली लगायत तोकिएका प्रणालीहरूमा) | ०.४ | कुनै तीनवटा पोर्टलको पोर्टलबाटै सिर्जना गरी प्रिन्ट गरिएको प्रत्येक पोर्टलको कम्तिमा एक पेज विवरणको प्रमाणित प्रति वा अद्यावधिक गरिएको विवरण देखिने गरी गरिएको पोर्टलको स्क्रिनशटको प्रमाणित प्रति | |
| ४१ | सामाजिक विकास | खानेपानी तथा सरसफाइ | खानेपानी सेवामा पहुँच | क. एक घर एक धारा सहित आधारभुत खानेपानी सेवा उपलब्ध भएको घरधुरीको प्रतिशतमा वार्षिक लक्ष्यको तुलनामा भएको प्रगति (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) | ०.६ | खानेपानी सेवा उपलब्ध भएका घरधुरी प्रतिशतको वार्षिक लक्ष्यको तुलनामा भएको प्रगति खुल्ने राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वस्थता (NWASH) प्रतिवेदनको पानाको छायाँ प्रति | |
| | | | | ख. कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगायत सबै सार्वजनिक निकायमा आधारभुत तहको खानेपानी सेवा उपलब्ध भएको (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) | ०.४ | गाउँपालिका।नगरपालिकाभित्र रहेका कुल सार्वजनिक निकायको संख्या र खानेपानी सेवा उपलब्ध भएका सार्वजनिक निकायहरु उल्लेख गरिएकको प्रमाणित विवरण | |
